# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (८), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल,  कार्तिक २९ गते २०८१ साल,

सङ्ख्या ११

## भाग-२

## सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०७/२८

**प्रस्तावना:** सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वाञ्छनीय भएकोले मूल कार्यविधिको दफा १८ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगर कार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सूर्योदय नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा १३ मा संशोधन:** (१) मूल कार्यविधिको दफा १३ पछि देहाय बमोजिमको दफा १३ (क) थप गरिएको छ।

**दफा १३ (क) विशेष व्यवस्था**

(१) नगर प्रमुखले लगातार तीन महिनासम्म नगर कार्यपालिकाको बैठक नबोलाएमा एक तिहाई कार्यपालिका सदस्यले लिखितहरूमा कार्यपालिकाको बैठक बोलाउन अनुरोध गरेमा त्यस्तो अनुरोध गरेको तीन दिनभित्र नगर प्रमुखले बैठक बोलाउनुपर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगातार तीन महिनासम्मको अवधिमा पनि वडा समितिको कुनै पनि बैठक नबोलाएमा वडा समितिको बैठक नबोलाउने वडाको वडा अध्यक्षलाई नगर कार्यपालिकाको त्यसपछिका तीनवटा बैठकमा उपस्थित गराइने छैन।

(३) उपदफा (२) बमोजिमको अवस्थामा बैठकमा उपस्थिति जनाउन नपाउने सम्बन्धित वडाका सिफारिस पत्रहरू लगायत कुनैपनि एजेन्डाहरु नगर कार्यपालिकाको बैठकमा पेस गरिने छैन।

(४) कुनै नगर कार्यपालिका सदस्य बिना जानकारी लगातार तीनवटा नगर कार्यपालिका बैठकमा अनुपस्थित भएमा त्यस्तो सदस्यले त्यसपछिका थप दुईवटा बैठकमा उपस्थित हुन पाउने छैन।

# सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास निर्माण कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०७/२८

**प्रस्तावना:** नेपालको संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्न सूर्योदय नगरपालिकाभित्र बसोबास गर्ने अतिविपन्न नागरिकहरुको संरक्षण, सशक्तीकरण र विकासका लागि अतिविपन्न परिवारहरुको लागि सुरक्षित आवास निर्माण र हस्तान्तरणको कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास निर्माण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"आवास" भन्नाले कार्यक्रम निर्देशक समितिद्वारा स्वीकृत डिजाइन अनुसारका नागरिक आवास सम्झनु पर्दछ।

(ख)"नागरिक आवास " भन्नाले एक लाभग्राही परिवारले पाउने घर सम्झनु पर्दछ।

(ग) “कार्यक्रम" भन्नाले अतिविपन्न नागरिकहरुका लागि नागरिक आवास निर्माण कार्यक्रमलाई सम्झनु पर्दछ। यस शब्दले सङ्घीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट नगरपालिकाका अतिविपन्न नागरिकहरुका लागि आवास निर्माण गर्ने गरी प्रदान गरिने अन्य अनुदान समेतलाई जनाउने छ।

(घ) “कार्यक्रम निर्देशक समिति” भन्नाले दफा १३ बमोजिमको समितिलाई जनाउनेछ।

(ङ) “कार्यपालिका” भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) “कार्यालय” भन्त्राने सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(ज) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका लक्षित वर्गलाई सम्झनु पर्दछ ।

(झ) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका, इलामलाई सम्झनु पर्दछ।

(ञ) "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई जनाउनेछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **कार्यक्रम स्थल र लक्षित वर्गको पहिचानः** (१) यस कार्यक्रमका लागि कार्यक्रम स्थल नगर कार्यपालिकाले छनौट गरे बमोजिम हुनेछ साथै लक्षित वर्गको पहिचान देहायका आधारमा गरिनेछ ।

(क) नगरपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरी आफ्नै स्वामित्वमा जग्गा भएको हुनुपर्ने तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट संचालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने ।

(ख) नेपाली नागरिक भएको,

(ग) अतिविपन्न नागरिकको परिचय पत्र प्राप्त । नेपाल सरकारबाट परिचय पत्र उपलब्ध नगरुन्जेलसम्मका लागि वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी अतिविपन्न प्रमाणित भएको,

(घ) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व बुझाएको,

(ङ) यस कार्यविधिले अनुदान पाउने भनी तोके बमोजिमको घरमा बसोवास गर्दै आएको र एकाघरको परिवारको सदस्यको नाममा अन्यत्र पक्की वा बस्न योग्य घर नभएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत जाति, अल्पसङ्ख्यक जाति वा दलित जातिमा सूचीकृत भएको जाति, एकल महिला प्राथमिकतामा पर्ने,

(छ) स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको।

४. **लाभग्राही छनौटको आधार:** (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपश्चात लाभ लिन चाहने सर्वसाधारणले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना आव्हान गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्भेक्षण गरिनेछ र देहायको आधारमा छनौट गरिनेछ।

(क) कार्यालयबाट सर्भेक्षण गर्दा निवेदक बसोबास गरिरहेको घरको बनौट अनुसार अनुसूची-१ बमोजिम दिईएको अङ्क बमोजिम प्राथमिकता निर्धारण गरी लाभग्राही छनौट गरिनेछ।

(ख) सबै भन्दा बढी अंक प्राप्त गर्ने परिवारदेखि प्राथमिकताको आधारमा सूची प्रकाशन गरिनेछ।

(ग) खण्ड (ख) बमोजिमको प्राथमिकताका आधारमा दफा १३ बमोजिमको समितिले लाभग्राही छनौट गर्नेछ।

(घ) खण्ड (ग) बमोजिम लाभग्राहीको छनौट गर्दा एकल महिला, अनाथ बालबालिका, वृद्ध तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिकता दिईन्छ।

(ङ) सिमान्तकृत जाती, अल्पसङ्ख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्नेछ।

(४) उपदफा (१) बमोजिम छनौट गर्दा संगोलमा रहेका परिवारले एकमात्र आवास प्राप्त गर्ने छन्।

(५) लाभग्राहीले अनुसूची २ बमोजिमको ढाँचामा प्रकाशित सूचना बमोजिम सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

५. **लाभग्राही सर्वेक्षण:** (१) दफा ४ बमोजिम लाभग्राही छनौट गर्दा कार्यालयले अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा प्राविधिक सहितको ३ सदस्यीय एक वा एक भन्दा बढी सर्वेक्षण टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिमको सर्भेक्षण टोलीले निवेदन दिएका परिवारहरुको सर्वेक्षण दफा ४ बमोजिमका आधारमा गर्नु पर्नेछ। यस कार्यको लागि कार्यालयले दफा ४ बमोजिमको सूचना सङ्कलन हुने गरी फाराम प्रयोग गर्न सक्ने छ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही सर्वेक्षण कार्यलाई पुष्टिकरण गर्न दफा १३ बमोजिमको समितिले पुरै वा कनै नमुना सर्वेक्षण गर्न सक्नेछ।

६. **लाभग्राहीको सूची प्रकाशनः** दफा ५ बमोजिम सर्वेक्षण सम्पन्न भएको १५ दिन भित्र दफा १३ बमोजिमको समितिले लाभग्राहीको छनौट गरी प्राथमिकता समेत तोकी लाभग्राहीको सूची प्रकाशन गर्नेछ। यसरी सूची प्रकाशन गर्दा दफा ४ बमोजिम छनौट गरी सोही आधारमा प्राथमिकता तोकी सूची प्रकाशन गर्न पर्नेछ।

७. **बस्ती स्थानान्तरणः** (१) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा बस्ती प्राकृतिक विपद्को दृष्टिले जोखिमयुक्त रहेको लागेमा दफा १३ बमोजिमको समितिले बस्ती स्थान्तरणको लागि कार्यपालिकामा सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिश भई आएमा कार्यपालिकाले बस्ती स्थान्तरण गर्न सकिने सम्भावित स्थानको खोजी गरी बस्ती स्थान्तरण गर्न सक्नेछ।

(३) बस्ती स्थान्तरण सम्बन्धी कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - २

## घर निर्माण तथा लाभग्राहीको योगदान

८. **लाभग्राहीको योगदान र परिचालनः** (१) दफा ६ वमोजिम लाभग्राहीको सूची प्रकाशन भए पश्चात सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिका र लाभग्राहीबीच अनुसूची ४ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात आवास निर्माणको व्यवस्था लाभग्राही स्वयंले मिलाउनु पर्नेछ।

(३) लाभग्राही अशक्त वा आवास निर्माणको लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन आफै गर्न नसक्ने भएमा नगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(४) नगरपालिकाले निर्माग सामग्रीको आपुर्ति र गुणस्तर सुनिश्चित गर्न सामग्रीहरु खरिद गरी लाभग्राहीलाई उपलब्ध गराउन सक्नेछ । यसरी सामग्री उपलब्ध गराउँदा खरिद गर्ने कार्यविधि प्रचलित कानूनले तोके बमोजिमको हुनेछ ।

९. **घरको डिजाइन तथा लागत अनुमानः** (१) कार्यालयले लाभग्राहीहरुको घर निर्माण गरिदिने प्रयोजनको लागि एकै किसिमको ढाँचाको घरको डिजाईन तयार गरी लागत अनुमान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिजाईन तथा लागत अनुमान तयार गर्दा स्थानीय निर्माण सामग्रीहरुको उपयोग हुने गरी गर्नु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक विकटताका कारण सामग्री ढुवानी गर्नुपर्ने, निर्माण सामग्री फरक प्रयोग गर्नुपर्ने वा अन्य कारणबाट कुनै क्षेत्रको घर निर्माण गर्दा लागत अनुमान बढी हुने भएमा सबैभन्दा कम लागत भएको आवास इकाईको लागतको २० प्रतिशत भन्दा बढी लागत फरक नपर्ने गरी भवन डिजाइन गर्नु पर्नेछ ।

(४) लाभग्राहीका लागि निर्माण गरिने घरको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

१०. **कार्यक्रम कार्यान्वयनः** (१) कार्यालयले लाभग्राहीको छनौट भईसके पश्चात कुल निर्माण गरिने आवास एकाईको सङ्ख्या एकीन गरी एकैपटक बोलपत्र मार्फत वा दफा ८ बमोजिमको लाभग्राहीको समूहसँग सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत निर्माण गरिने आवास एकाईहरु सकेसम्म भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी गराउनु पर्नेछ ।

११. **निर्माण सम्पन्न भएको मानिने:** सम्झौता भए पश्चात शौचालय सहितको वा शौचालय (वाटरशिल) पहिले नै रहेछ भने सो बाहेक सबै आवास एकाई निर्माण भएपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

तर, यसरी घर निर्माण गराउँदा कुनै एक आवास एकाई निर्माण सम्पन भए पछि सोको रकम लाभग्राहीलाई भुक्तानी गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**१२. निर्माण सामग्री व्यवस्थापन:** (१) आवास एकाई निर्माणका लागि आवश्यक पर्ने जस्तापाता फलामको पाईप फलाम रड, सिमेन्ट, इट्टा, ढुङ्गा, काठ, हुक, कब्जा, ग्रिल, शौचालयका सामग्रीहरुका लागि नगरपालिकाले दिने अनुदानबाट खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु खरिद गर्न लाभग्राहीले नसक्ने भएमा सो खरीद गरी उपलब्ध गराउनका लागि कार्यालयमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लाभग्राहीहरुबाट लेखी आएमा नगरपालिकाले निर्माण सामग्रीहरु खरिद गरी ढुवानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(४) निर्माण सम्पन्न भई घर लाभग्राहीलाई हस्तान्तरण गर्दा नगरपालिकाले आफ्नो पहिचान खुल्ने लोगो वा चिन्ह उक्त घरमा राख्न सक्नेछ। यसरी राखिएको चिन्ह वा लोगोको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित लाभग्राहीको हुनेछ।

## परिच्छेद – ४

## समिति तथा अनुगमन सम्बन्धी व्यवस्था

**१३. कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्न र आवश्यक व्यवस्था गर्न नगरपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - अध्यक्ष |
| (ख) नगर उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक | - सदस्य |
| (ङ) सहरी विकास तथा बस्ति विकास शाखा प्रमुख | - सदस्य |
| (च) पूर्वाधार विकास शाखाका इन्जिनियर | - सदस्य |
| (छ) नगरपालिकाले फोकल पर्सन तोकेको एक जना | |

प्रशासनिक कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सिलभित्तामा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) लाभग्राही छनौट गर्न लाभग्राही सर्भेक्षण गराउने पुष्टिकरण गराउने लाभग्राही छनौट गर्ने र लाभग्राही सूची प्रकाशन गर्ने ।

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको सञ्चालन र कार्यान्वयनका लागि सङ्घीय सरकार प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने

**१४. अनुगमन सम्वन्धी व्यवस्थाः** यस कार्यक्रमको अनुगमन नगर स्तरीय अनुगमन समितिले गर्नेछ । अनुगमन सम्बन्धी अन्य व्यवस्था अनुगमन सम्वन्धी कार्यविधि बमोजिम हुने ।

## परिच्छेद-५

## तालिम सम्बन्धी व्यवस्था

**१५. तालिम प्राप्त डकर्मी खटाउनु पर्नेः** (१) सकेसम्म नगरपालिकामा सूचीकृत भएका भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम प्राप्त गरेका डकर्मीहरुलाई यस कार्यक्रममा खटाईने छ ।

**१६. कार्यक्रम व्यवस्थापन इकाई:** (१) कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा गर्नु पर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक कार्य गर्नका लागि एक कार्यक्रम व्यवस्थापन इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको युनिटमा देहाय बमोजिमको पदाधिकारीहरु रहने छन् ।

(क) सम्बन्धित बडाका वडा अध्यक्ष - संयोजक

(ख)वडा समितिले तोकेको १ महिला सहित वडा सदस्य २ जना - सदस्य

(ग) सम्वन्धित वडाका प्राविधिक कर्मचारी १ जना - सदस्य

(घ) सम्वन्धित वडाको वडा सचिव - सदस्य सचिव

१७. **निर्देशन पालन गर्नुपर्नेः** कार्यक्रम निर्देशक समितिले कार्यक्रम कार्यान्वयनका सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ।

१८. **विवाद समाधानः** कार्यक्रम कार्यान्वयन गराउने निकाय र लाभग्राही समूह वा लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भएमा कार्यक्रम निर्देशक समितिले दिने निर्णय अन्तिम हुनेछ।

१९. **फरफारकः** कुनै लाभग्राहीले कारणवश निर्माण कार्य बिचैमा छाडेमा निर्माण भएको कार्यको मुल्याङ्कन गरी फरफारक गर्न सकिनेछ। तर, कार्यक्रम निर्देशक समितिले निर्माण कार्य बीचैमा छाड्नु पर्नाको कारणप्रति सन्तुष्ट नभई फरफारक नगर्न निर्देशन दिएमा उक्त निर्माण कार्यको लागत लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

२०. **बेचबिखन गर्न नपाइने:** लाभग्राहीले निर्माण सम्पन्न भएको दश वर्षसम्म उक्त आवास एकाई बेचबिखन गर्न पाउने छैन।

२१. **झुट्टा विवरण पेश गर्नेलाई कारबाहीः** कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्देश्यते झुटा विवरण पेश गरी लाभ लिएको वा झुट्टा विवरण सिफारिस गरेको ठहर भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२२. **पूर्वाधार निर्माणः** आवास एकाई बनाउने स्थानसम्म भौतिक पूर्वाधारहरु जस्तै सडक खानेपानी, विद्युत आवश्यकता अनुसार नगरपालिकावाट निर्माण गरिनेछ।

२३. **अन्य निकायबाट सहयोग वा लागत साझेदारी गर्न सकिनेः** (१) कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय सरकार, प्रदेश सरकार स्थानीय सरकार गैर सरकारी संस्था वा निजी क्षेत्रवाट सहयोग वा लागत साझेदारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारी गर्दा गैर सरकारी संस्थासँग भए दफा १३ बमोजिमको कार्यक्रम निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय हुनु पर्नेछ।

**२४. दोहोरो सुविधा नपाउने**ः (१) नेपाल सरकार वा प्रदेश सरकारबाट आवास सुविधा पाएका व्यक्तिले यस कार्यक्रमबाट समेत आवास सुविधा पाउने छैन।

**२५. असुल उपर हुने**ः लाभग्राही समूहको कुनै सदस्यले काबु बाहिरको परिस्थिति परेको बाहेक आफ्नो आवास एकाई बनाइसके पश्चात आवास एकाई बनाउन अन्य श्रमदान वा तोकिएको योगदान नगरेमा उक्त समूहमा बन्न बाँकी आवास एकाईमा उसको योगदान दामासाहीमा जति पर्ने हो सो नगरे वा निजको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**२६. नागरिक आवास हस्तान्तरण**ः यस कार्यविधिले तोके बमोजिमको मापदण्डको आधारमा नागरिक आवास निर्माण सम्पन्न भए पश्चात् सम्वन्धित लागभग्राहीहरुलाई सम्वन्धित वडाको समन्वयमा उक्त आवास हस्तान्तरण गरिनेछ।

**२७. प्रचलित कानून बमोजिम हुने**ः यस कार्यनिधिमा लेखिएकोमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची-१**
**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**
**लाभग्राहीहरूको छनौटको आधारहरूः**

| **क्र.सं.** | **विवरण** | **निर्धारित अङ्क** |
|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल (बर्ग मिटरमा) | ३० भन्दा कम – १०<br>३० देखि ६० सम्म – ५<br>६० भन्दा माथि - ० |
| २ | उपभोगमा रेको घरको क्षेत्रफल प्रतिवर्ग मिटरमा | १०० भन्दा कम – १०<br>१०० देखि ३०० सम्म – ५<br>३०० भन्दा माथि औ ० |
| ३ | घरभित्रको भुईं | माटो - १०<br>इटा/ढुंगा आदि - ५<br>सिमेन्ट - ० |
| ४ | घरको गारो | बॉस, निगालो, चिर्पट, दाउरा, पराल, स्याउलाको टाँटी, चोषा, झिंगटा, खडाई आदि - १०<br>नमिलेको ढुङ्गा गारो, बास-कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, कर्कट पाताको गारो, काँचो इँटामा माटोको जोड्नी - ५<br>मिलेको ढुँगाको गारो वा पाकेको इँटामा माटो वा सिमेन्टको जोड्नी गरेको - ० |

| | | |
|---|---|---|
| ५ | घरको छानो | फुस, स्याउँला, फ्लाष्टिको सिट आदि - १० <br><br> खपडा, टायल वा कर्कतपाता - ५ <br><br> ढलान - ० |
| ६ | खेतीयोग्य जग्गा | ५ रोपनी भन्दा कम भएको – १० <br><br> ५ रोपनी भन्दा बढी भएको – ० |
| ७ | घरमुलीको हकमा | अतिविपन्न, असहाय, अशक्त, बृद्धबृद्धा, अनाथ, अपाङ्गता, बालबालिका, एकल महिला, घरमुली भएको - १० <br><br> अन्य - ० |
| ८ | जीवनयापन | आफ्नै उत्पादनले ६ महिनासम्म खान नपुग्ने - १० <br><br> आफ्नै उत्पादनले ६ महिनासम्म खान पुग्ने - ० |

## अनुसूची २
## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
## लाभग्राहीले दिने आवेदनको ढाँचा

मिति:

श्रीमान् वडा अध्यक्षज्यू,

सूर्योदय नगरपालिका, वडा नं ७, कन्याम, इलाम।

विषय: आवास निर्माण गरी पाउँ।

प्रस्तुत विषयमा सूर्योदय नगरपालिकाको मिति २०८१।...।.... गते प्रकाशित सूचना बमोजिम मेरो देहायमा उल्लिखित विवरण सहित सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास निर्माण कार्यविधि, २०८१ बमोजिम अति विपन्न नागरिक भएकोले **स्थानीय सामग्रीको प्रयोग गरी मेरो श्रम समेत साझेदारी गर्न मञ्जुर भई** आवास निर्माण गरी पाउँ भनी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

**आवश्यक विवरण:**

घरमूलीको नाम/ थर: ....................................................................

स्थायी ठेगाना: .............................................................................

टोल: ..........................................................................................

परिवार सङ्ख्या: ...........................................................................

घर/ जग्गा सम्बन्धी विवरण : जग्गाधनीको नाम/ थर: ...............................................................................

कि.नं. .......................... जग्गा रोपनी .............................. साविक वडा नं/ सिट नं.. .............................

| क्र.सं. | विवरण | लाभग्राहीको सहि विवरणमा (✓) चिन्ह लगाउने |
|---|---|---|
| १ | आफ्नो वा एकाघरको परिवारको | ५ रोपनीभन्दा कम ☐<br>५ रोपनीदेखि २० रोपनीसम्म ☐ |

| क्र.सं. | विवरण | लाभग्राहीको सहि विवरणमा (✓) चिन्ह लगाउने |
|---|---|---|
| | नाममा रहेको जग्गा | २० रोपनीभन्दा माथि ☐ |
| २ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल वर्ग मिटरमा | ३० भन्दा कम ☐<br>३० देखि ६० सम्म ☐<br>६० भन्दा माथि ☐ |
| ३ | उपभोगमा रहेको घरको क्षेत्रफल प्रतिवर्ग मिटरमा | १०० भन्दा कम ☐<br>१०० देखि ३०० सम्म ☐<br>☐<br>३०० भन्दा माथि |
| ४ | घरभित्रको भुईं | माटो ☐<br>इटा/ढुंगा आदि ☐<br>सिमेन्ट ☐ |

| क्र.सं. | विवरण | लाभग्राहीको सहि विवरणमा (✓) चिन्ह लगाउने |
|---|---|---|
| ५ | घरको गारो | बॉस, निगालो, चिर्पट, दाउरा, पराल, स्याउलाको टाँटी, चोषा, झिंगटा, खडाई आदि<br><br>नमिलेको ढुङ्गा गारो, बास-कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, कर्कट पाताको गारो, काँचो इँटामा माटोको जोड्नी<br><br>मिलेको ढुँगाको गारो वा पाकेको इँटामा माटो वा सिमेन्टको जोड्नी गरेको |
| ६ | घरको छानो | फुस, स्याउँला, फ्लाष्टिको सिट आदि<br><br>खपडा, टायल वा कर्कतपाता<br><br>ढलान |
| ७ | खेतीयोग्य जग्गा | अन्यत्र जग्गा नभएको<br><br>अन्यत्र जग्गा भएको |
| ८ | घरमुलीको हकमा | अतिविपन्न, असहाय, अशक्त, बृद्धबृद्धा, अनाथ, अपाङ्गता, बालबालिका, हिला, घरमुली भएको<br><br>अन्य |
| ९ | जीवनयापन | आफ्नै उत्पादनले ६ महिनासम्म खान नपुग्ने |

| क्र.सं. | विवरण | लाभग्राहीको सहि विवरणमा (✓) चिन्ह लगाउने |
|---|---|---|
| | | आफ्नै उत्पादनले ६ महिनासम्म खान पुग्ने ☐ |

**निवेदन सहित संलग्न कागजातहरू:**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) जग्गाधनिपुर्जाको प्रमाणपत्रको प्रतिलिपि

ग) चालु आ.व.को कर/ राजश्व तिरेको रसिदको प्रतिलिपि

माथि उल्लिखित मेरो विवरण ठीक साँचौ हो। झूट्टा ठहरे कानून बमोजिम सहुँला/ बुझाँउला।



**निवेदकको**

हस्ताक्षर ......................................

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची-३
(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)
नागरिक आवासको नमूना



# अनुसूची ४
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
## कार्यालय र लाभग्राहीबीच आवास निर्माणका सम्वन्धमा गरिने सम्झौता पत्रको ढाँचा

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम (यस पछि पहिलो पक्ष भनिने) र सूर्योदय नगरपालिका वडा नं. ......बस्ने ..................का नाति/नातिनी, ............................छोरा/बुहारी, सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास कार्यक्रममा दर्ता भएको लाभग्राही दर्ता नं. ............. का श्री................. (नागरिकता नं. ................) बीच आवास निर्माण गर्ने सम्बन्धमा देहायका शर्तहरूमा मञ्जुर भई निर्माण सम्झौता गरी एक/एक प्रति बुझि लियौँ दियौँ।

१. नागरिक आवास निर्माण स्थतः इलाम जिल्ला, सूर्योदय नगरपालिका वडा नं. ..... टोल ...............

२. उद्देश्यः ..........................................वटा नागरिक आवास निर्माण गर्ने।

३. कुल लागतः प्रति आवासको रु. .........का दरले जम्मा .......... वटा आवासको जम्मा रु. ................ ।

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधिः

(क) शुरु हुने मितिः २०८१ ...........

(ख) निर्माण सम्पन्न मितिः २०८१ ............

५. खर्च व्यहोने स्रोतः

(क) कार्यक्रमचाट व्यहोरिनेः

(छ) लाभग्राहीबाट व्यहोरिने...

(१) नगदः

(२) निर्माण सामग्रीः ........

(३) श्रमः ......

(४) कुल रकमः ................

६. भुक्तानीको ढाँचा।

(क) लाभग्राहीलाई जम्मा तीन किस्तामा रकम दिन सकिनेछ । भवनको लागत अनुमान तयार भई सम्झौता भएर जग खन्ने कार्य पुरा भए पश्चात २० प्रतिशत रकम, प्लिन्च लेबलसम्मको निर्माण कार्य सम्पन्न गरी गारो तयार भई झ्याल ढोकाको चौकोश समेत राखेपछि (शौचालयको समेत) थप ५० प्रतिशत र सबै कार्य सम्पन्न भएपश्चात बाँकी ३० भुक्तानी हुनेछ । यसरी भुक्तानी दिँदा नियमानुसार कर तथा कन्टिन्जेन्सी रकम कट्टी हुनेछ ।

(ख) उपरोक्तानुसार भुक्तानीको लागि कार्यक्रमको इन्जिनियर वा प्राविधिक कर्मचारीको मूल्याङ्कन र अन्तिम भुक्तानीमा अनुगमन समितिको अनुगमन प्रतिवेदन अनिवार्य हुनु पर्नेछ ।

(ग) कुनै लाभग्राहीले नागरिक आवास निर्माण सम्पन्न नहुँदै निर्माण कार्य छोडेकोमा कार्यक्रम निर्देशक समितिलाई छोड्नु पर्नाको कारण चित्त नबुझेमा खण्ड (क) बमोजिमको भुक्तानी भै नसकेको भए भुक्तानी नहुने र भुक्तानी भैसकेको भए सो समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७. अन्य शर्तहरुः (क) कार्यक्रमले स्वीकृत गरेको लागत अनुमान अनुसारको आवास निर्माण गर्नु पर्ने र आवासमा लगाईने रंगरोगन पनि तोकिए बमोजिमको प्रयोग गर्नुपर्नेछ ।

(ख) तागात अनुसारको एक शौचालय समेत निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनु पर्ने भएमा र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

(घ) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राही समूह वा लाभग्राहीहरुले पालना गर्नु पर्नेछ।

८. सम्झौताका पक्षहरुः

| **कार्यालयको तर्फबाट** | **लाभग्राहीहरुको तर्फबाटः** |
| --- | --- |
| नाम, थरः | नाम, थरः |
| | लाभग्राही नं. |
| पदः | नागरिकता नं. |
| मितिः | मितिः |

रोहबरः                                                        रोहबरः

इति सम्वत् २०८१ साल कार्तिक ... गते रोज ...  शुभम्-----------------------------------------------------------

आज्ञाले
मिलन भट्टराई
नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत